अजिरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भच्चेक, गोरखा
गण्डकी प्रदेश, नेपाल

# अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिका
## गोरखा

बैठक नं. १४६

मितिः २०८३।०१।३१ गते बिहीबार

आज मिति २०८३ साल बैशाख ३१ गते बिहीबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरूको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४६ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा
२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल
३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ
४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ
५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी
६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ
७. ५ नं. वडा अध्यक्ष श्री विर्ख ध्वज गुरुङ्ग
८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ
९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ
१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ
११. कार्यपालिका सदस्य श्री कमला सुनार
१२. कार्यपालिका सदस्य श्री सनिल परियार
१३. कार्यपालिका सदस्य श्री धनराज घले
१४. आमन्त्रित सदस्यः श्री बेल बहादुर परियार
१५. प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)
श्री जगजित कापर (प्रशासन सहायक)
श्री ईश्वर वाग्ले (वरिष्ठ लेखा सहायक)

# अजिरकोट गाउँपालिका
# मिति २०८३।०१।३१ गते विहीबार

## गाउँ कार्यपालिकाको १४६ औं बैठकका निर्णयहरु

१. प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश, पोखराबाट सिफारिस भई आएका स्थानीय प्रशासन सेवा, प्रशासन समूह, प्रशासकीय अधिकृत पद (सातौं तह) मा श्री गंग वि.क. (नयाँ नियुक्ति) लाई अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा भएको नियुक्ति, पदस्थापन तथा हाँजिरीको प्रक्रिया अनुमोदन गर्ने ।

२. अजिरकोट गाउँपालिका वडा नं. ३, भच्चेक स्थित रहेको भच्चेक माध्यमिक विद्यालयमा कक्षा ११ थप गर्न स्वीकृत प्रदान गर्ने ।

३. यस अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक द्वारा तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने ।

(क) शित भण्डार (कोल्ड स्टोर) सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८३
(ख) अजिरकोट गाउँपालिका सामुदायिक वन व्यवस्थापन कार्यविधि-२०८३

४. यस अजिरकोट गाउँपालिका वडा नं. ३ अन्तर्गत पर्ने upgrading of bhachchek Bus park and Hospital Road निर्माण योजनाको कार्य सम्पन्न गर्नको लागि म्याद थप गर्नुपर्ने भएको हुँदा मिति २०८३ जेठ ३० गते सम्म उक्त योजनाको म्याद थप गर्ने निर्णय गरियो ।

५. यस अजिरकोट गाउँपालिकाद्धारा स्थानीय तहलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषण गर्ने कार्य अगाडि बढाउन मिति २०८२।१०।२६ मा ७ दिने सूचना प्रकाशन गरिएकोमा उक्त अवधिभित्र यस गाउँपालिका क्षेत्रभित्र सडकमा बसोबास गर्ने वा अलपत्र अवस्थामा रहेका कुनै पनि सडक बालबालिका नरहेको पुष्टी भएको हुँदा अजिरकोट गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिकाको रुपमा घोषणा गर्ने निर्णय गरियो ।

६. यस अजिरकोट गाउँपालिकालाई मिति २०८३।०२।०२ गते पूर्ण खोप दिगोपना घोषणा गर्ने निर्णय गरियो ।

७. मिति २०८३।०२।१५ गतेका दिन यस अजिरकोट गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरी गणतन्त्र दिवस मनाउने निर्णय गरियो । साथै सो सम्बन्धमा व्यवस्थापन गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

क) श्री ज्ञानुराम पन्थी (प्र.प्र.अ.) - संयोजक
ख) श्री सिताराम पन्त (शि.अ.) - सदस्य
ग) श्री सुरेश दवाडी (ज.स्वा.अ.) - सदस्य
घ) श्री लाल प्रसाद पौडेल (प्र.अ.) - सदस्य
ङ) श्री इश्वर बाग्ले (व.ले.स.) - सदस्य

८. संघीय सरकारको परिपत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम अजिरकोट गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गर्ने उद्देश्यले यदि कोही कसैले सार्वजनिक जग्गा अतिक्रमण गरेको भए ३५ दिन भित्र खाली गर्ने गरी ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

९. यस अजिरकोट गाउँपालिका अन्तर्गत रहेको गल्छी - तारपुचु-भच्चेक-बलेखु खानेपानी उपभोक्ता समिति सम्बन्धमा आवश्यक जाचबुझको लागि तपसिल बमोजिमको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त समितिद्धारा १ महिना भित्र आफ्नो प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

क) गा.पा.अध्यक्ष श्री दीपक देवकोटा - संयोजक
ख) सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरु - सदस्य
ग) प्राविधिक शाखा प्रमुख श्री सन्तोष थापा - सदस्य
घ) खा.पा.स.टे. श्री इन्द्रमणी चौधरी - सदस्य सचिव